नेपालसरकार

गृहमन्त्रालय

राष्ट्रियविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #७२

१६ भदौ २०७७

| २०७७ बैशाख १ देखि भदौ १५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४४ | ५२ | १९० | १७ | २० | ७ | ५४ | ० | १८५ | ३१५ | ७२ | ३८२ |
| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ १५ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २४२ | ५२ | १८९ | १४ | १९ | ५ | २४ | ० | ६६ | २८० | ७१ | २६० |
| २०७७भदौ १५ देखि १६ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण | | | | | | | | | | | |
| पहिरो | | | ढुङ्गा खस्ने | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | २ | ३ | १ | ० | १ | ० | ० | ० | २ | २ | ४ |

# दैनिक विपद् बुलेटिन

१५ भदौ विहान१०:००बजेदेखि १६ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी ६ स्थानमा **आगलागी, २** स्थानमा **पहिरो, १** स्थानमा **ढुङ्गा खस्ने, १** स्थानमा **जंगली बँदेलको आक्रमण**का घटना घटेका छन् । यी घटनामा परी **४ जनाको मृत्यु, २ जना घाईते** भएका छन् । **आगलागी**का कारण **१० लाख ५ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।



| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ४ | ० | १० | २ | १०,०५,००० | ० | ५ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१०** वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक** थप अपडेट जुगल गाउँपालिका वडा नं २ लिदीमा गएको **पहिरो**मा परि बेपत्ता भएकाहरु मध्ये **३ जनाको शव** मिति 2077/05/15 गते खोजतलास गर्ने क्रममा भेटिएको **।हालसम्म ३६ जनाको मृत्यु, ३ जना बेपत्ता, ५ जना घाईते** (बेपत्ता थपघट हुन सक्ने )
- **कालिकोट**को नरहरिनाथ गाउँपालिका वडा नं 6 स्थित खुलालु बजार भन्ने स्थानबाट सामान लिई फर्कने क्रममा **१ महिलालाई** गर्खे भिरमा हिड्दै गर्दा माथिबाट **ढुङ्गा आई टाउकोमा लागी मृत्यु** ।
- **सिरहा**को लक्ष्मिपुरपतारी गाउँपालिका वडा नं १ रामपुरस्थित एक घरमा खाजा पकाउने क्रममा चुलोमा बालेको आगोमा लडी **१ जना घाईते** ।
- **कञ्चनपुर**को बेदकोट नगरपालिका वडा नं १० नैभट्यास्थित घर नजिकैको खोलामा माछा मार्ने क्रममा **जङ्गली बदेलले आक्रमण** गर्दा **१ बालक घाईते** । बेलौरी नगरपालिका वडा नं ६ कपरतला शन्तिपुरस्थित एक गोठमा किरा धपाउन बालेको आगोबाट **आगलागी** हुँदा गोठ पुर्णरुपमा क्षति भई सँगै जोडिएको कच्चि घरमा समेत आगो सल्किई आशिक रुपमा क्षति भई **५० हजार रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **संखुवासभा**को खादबारी नगरपालिका वडा नं ५ स्थित एक गोठ **पहिरो** आई बगाउँदा गोठभित्र रहेको ३ वटा खसि, १ वटा बाख्राको मृत्यु भई **७० हजार रुपैंया** बराबरको क्षति ।
- **सप्तरी**को खड्क नगरपालिका वडा नं ८ बगुल टोलस्थित एक घरको भान्सामा खाना पकाउने क्रममा **आगलागी** हुँदा कोठा भित्र रहेका भाडाबर्तन र लत्ताकपडा गरी **२५ हजार रुपैंया** बराबरको क्षति ।
- **ओखलढुङ्गा**को मानेभन्ज्याङ गाउँपालिका वडा नं ३ उबुस्थित एक घरमा ८ बर्षको बालकले सुठुनि पकाउने क्रममा अचानक आगो सल्किन गई **आगलागी** हुँदा घरमा रहेको अन्नपात, कत्ताकपडा भाडावर्तन, सोलार प्यानल, मोवाईल, नगद समेत जलि **५ लाख रुपैंया** बराबरको क्षति ।
- **संखुवासभा**को खादबारी नगरपालिका वडा नं ६ पाङ्चा टोलस्थित एक घर माथिबाट **पहिरो** जाँदा घरमा रहेको भाडावर्तन, लत्ताकपडा पुरिई गोरु १ र 5 वटा कुखुरा मरेको साथै नजिकै रहेको माछा पोखरी र पाँचरोपनी धानखेत समेत पुरी **३ लाख १० हजार रुपैंया** बराबरको क्षति ।
- **काठमाडौं** महानगरपालिका वडा नं ५ मालिगाँउस्थित एक घरको भान्सामा खाजा पकाउने क्रममा ग्यास लिक भई **आगलागी** हुँदा फ्रिज, फर्निचर तथा खाद्यान्न जली **५० हजार रुपैंया** बराबरको क्षति ।टोखा नगरपालिका वडा नं ३ वालुवापाटीस्थित एक घरको दोश्रो तलामा बिधुतीय तार सर्ट भई **आगलागी** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागी र जंगली बदेलको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

**<u>१६(मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>**

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने, कोशी,नारायणी र यसका सहायक नदीमा बहाब बढ्ने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **आज बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने । आज कन्काई, कमला, बागमती, पश्चिम राप्तीमा बहाब बढ्दो हुने र सतर्कता तलै हुने । कन्काई, कमला, बागमतीका केही स-साना सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने पूर्वानुमान छ ।**
- **आज मेची, बिरिङ, निन्दा, मावा,नुना, बुढी, कन्काई लगायत ईलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट भई बहने स-साना नदीमा बहाब उल्लेख्य बढ्ने र केहीमा सतर्कता आसपास हुने पूर्वानुमान छ ।**
- **आज प्रदेश १, २, बागमती प्रदेश र गण्डकी प्रदेशको केही पहाडी जिल्लामा क्षणिक मध्यम बर्षा भई स-साना नदीमा बहाब बढ्दो हुने र केही स-साना सहायक नदीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ**


**<u>नोट:</u> पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ ।रातो रङले उच्च जोखिमको संकेत गर्छ ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

भदौ १५ गते बिहान ०८:४५ बजे देखि भदौ १६ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/१६ गते बिहान ०८:४५ बजे १८५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ५१ र स्वचालितः १३४) मा मापन गरिएको वर्षाको विवरण अनुसार १०३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (१४४.४मि. मी.) कास्की जिल्लाको पोखरा केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, ७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, १० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र २४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**